क्षेत्रीय अखबार
# पश्चिम नेपाल
-वर्षः २०, अङ्कः ४०, २०८२ साउन ८ गते बिहीबार (24 Jul., 2025) -मूल्यः रु. ५।-, -पृष्ठ ४
सुदूरपश्चिममा सर्वाधिक विक्री हुने पत्रिका
दैनिक

रमाईलो®
तपाईंको स्वास्थ्यको साथी
मैदा
बेकरी, म:म: र नुडल्स को लागी न.१
RP Agro Industries (P) Ltd
Godawari - 5, Dhangadhi, Kailali
9801700061/ 9801700011

# दोधारा चाँदनी सुक्खा बन्दरगाहः यसरी हुँदैछ काम

-पश्चिम नेपाल संवाददाता
महेन्द्रनगर, ७ साउन

रुख कटानको काम सकिएसँगै दोधारा चाँदनी नगरपालिकामा सुक्खा बन्दरगाह निर्माणको प्रक्रिया सुरु भएको छ। सुक्खा बन्दरगाह निर्माणको ठेक्का पाएको भारतीय कम्ट कन्सट्र्क्सनलाई इन्टरमोडल यातायात विकास समितिले साइट हस्तान्तरण गरेको छ।

दोधारा चाँदनी नगरपालिका-१ स्थित गौरीशंकर सामुदायिक वनमा तोकिएको सुक्खा बन्दगाहको निर्माणस्थलमा निर्माण कम्पन्नीले भौतिक संरचना निर्माण पूर्वको काम थालेको छ।

रुख कटान गरेर खुला गरिएको सुक्खा बन्दरगाह निर्माणस्थल सीमाकंन गर्ने काम सकिएको छ। जमिन घेरबार गर्न सुरु गरिएको छ। मलरिया नालामा अस्थायी पुल निर्माण गरेर निर्माणस्थलसम्म उपकरण लैजान बाटो खोलिएको छ।

अहिले रुखका मुढा उखेल्ने र झाडी फडानको काम भारतीय निर्माण कम्पनीले गरिरहेको छ। इन्टरमोडल यातायात विकास समितिका कार्यकारी निर्देशक आशिष गजुरेलले सुक्खा बन्दरगाह निर्माणका लागि ठेक्का पाएको कम्ट कन्सट्र्क्सनलाई क्षेत्र हस्तान्तरण गरेसंगै निर्माणको प्रारम्भिक प्रक्रिया सुरु भएको बताए।

'औपचारिक रुपमा निर्माणको काम दुई देशका प्रधानमन्त्रीले संयुक्त रुपमा शिलान्यास गरेपछि मात्रै सुरु हुनेछ,' उनले भने, 'अहिले साइट खाली गर्नेदेखि मुढाहरु निकाल्ने र कम्पनीको कार्यालय निर्माण लगायतको काम हुनेछ।' प्रधानमन्त्री केपी शर्मा



ओलीको आसन्न भारत भ्रमणको क्रममा सुक्खा बन्दरगाहको विधिवत् शिलान्यास हुने सम्भावना छ। त्यसपछि धमाधम निर्माणको काम सुरु गरेर तीन वर्षभित्र सुक्खा बन्दरगाह निर्माण गरिसकिने छ।

भारतसँगै सीमा जोडिएको दोधारा चाँदनी नगरपालिका १ मा पर्ने गौरीशंकर सामुदायिक वनमा रहेका १ हजार ५ सय ९३ रुख काटेर नेपाली पक्षले काम सुरु गर्न भारतीय पक्षलाई क्षेत्र दिएको हो। सुक्खा बन्दरगाह निर्माणको चर्चा सुरु भएको झन्डै दुई दशक पुग्न लाग्दा अब भने यहाँका स्थानीयमा निर्माण हुने आशा पलाएको छ। ढिलै भए पनि सुक्खा बन्दरगाह निर्माणको काम अगाडि बढ्ने भएपछि स्थानीय खुसी छन्।

सुक्खा बन्दरगाह निर्माणपछि यहाँको नाकाबाट भारतसँगको व्यापार व्यवसाय बढ्ने अपेक्षा छ। सुक्खा बन्दरगाहकै लागि नेपाल र भारत दुवैतर्फ पहुँचमार्गदेखि अन्य पूर्वाधार निर्माणाधीन अवस्थामा छन्। नेपालतर्फ पूर्वाधारका रूपमा महाकाली नदीमा ४ लेनको पक्की पुलसँगै पूर्वपश्चिम राजमार्गको अन्तिम बिन्दु गड्डाचौकीदेखि दोधारा चाँदनी नगरपालिका-१ मलेरिया नालासम्म ८ किलोमिटर ६ लेनको पहुँचमार्ग निर्माण भइसकेको छ।

भारततर्फ राष्ट्रिय राजमार्गको चक्करपुर क्षेत्रबाट पहुँच मार्ग निर्माणको काम अन्तिम चरणमा छ। भारत सरकारको पूर्ण लगानीमा सुक्खा बन्दरगाह निर्माण हुन लागेको हो। सुक्खा बन्दरगाह निर्माणका लागि दोधारा चाँदनी नगर पालिका १ मा रहेको गौरीशंकर सामुदायिक वनको ४२ दशमलव ३६ हेक्टर क्षेत्र खाली गरिएको छ। सुक्खा बन्दरगाहका लागि चर्चेको उक्त जमिनमध्ये

-बाँकी सामाचार पृष्ठ ३ मा




Admissions Open
Class 11 Admissions open
+2 Science Commerce




रेडियण्ट मा.वि.को भर्ना सम्बन्धी सूचना

२०८१ सालको एसईई परीक्षामा उत्तीर्ण हुनु भएका सम्पूर्ण विद्यार्थीहरुलाई हार्दिक बधाईका साथै उज्ज्वल भविष्यको शुभकामना व्यक्त गर्दै सुदूर पश्चिमाञ्चल क्षेत्रकै अग्रणी शिक्षण संस्था **रेडिएण्ट मा.वि.**मा शैक्षिक सत्र २०८१/०८२ का लागि **विज्ञान** (Science) तथा **वाणिज्य** (Commerece) तर्फ कक्षा ११ मा तपशिल बमोजिमको कार्यक्रम अनुसार भर्ना खुलेको विषय सम्बन्धित सबै विद्यार्थी तथा अभिभावक वर्गमा सहर्ष जानकारी गराइन्छ।

Admission Open
+2 Science
and
Commerce
Radiant Higher
Secondary
School
Mahendranagar,
Kanchanpur
Phone No.
099-525169
Website :
www.radianths.edu.np

१) **भर्ना मिति** : श्रावण ४ गतेदेखि श्रावण ९ गतेसम्म ।
२) **अभिमूखिकरण कार्यक्रम** (Orientation Program) :**२०८२ श्रावण १० गते बिहान ८ बजे**
३) **कक्षा सञ्चालन**: २०८२ श्रावण १२ गते दिउँसो १२:२० बजेदेखि
४) **व्यवस्थापन पढ्ने विद्यार्थीहरुलाई यो वर्ष आकर्षक छुट रहनेछ ।**

रेडिएण्ट उच्च माध्यमिक विद्यालय

महेन्द्रनगर, कञ्चनपुर, फोन नं.: ०९९-५२५१६९, ०९९-५२०९९२

# कञ्चनपुरको गड्डाचौकी भन्सारबाट निर्यात शून्य

–पश्चिम नेपाल संवाददाता
महेन्द्रनगर, ७ साउन



कञ्चनपुर भन्सार कार्यालय गड्डाचौकीबाट निर्यात शून्य रहेको छ। कोरोना महामारी अघिसम्म न्यून मात्रामा भए पनि यहाँबाट घ्यू र हातले बनाएका सामग्री निर्यात हुने गरेको थियो।

पछिल्ला वर्षमा यो नाका भएर निर्यात हुन छाडेको कञ्चनपुर भन्सार कार्यालयका प्रमुख राजनबाबु काफ्लेले बताए। शारदा ब्यारेजमा १० टनभन्दा बढीको मालवाहन सवारीसाधन आवतजावत गर्न नदिनु, सीमित समयका लागि पुल खोल्नुलगायत कारणले लक्ष्यअनुसारको राजस्व सङ्कलन गर्न नसकेको भन्सार कार्यालयमा निर्यात शून्य रहेको उनले बताए।

'कोरोना अघिसम्म थोरै भए पनि निर्यात हुन्थ्यो, अहिले नगन्य मात्रामा छ, शून्य जस्तै छ', उनले भने। प्रमुख काफ्लेले यो नाका सानो भएका कारण आयातबाट समेत लक्ष्यअनुसारको राजस्व सङ्कलन हुन नसकेको बताए।

उनले आर्थिक वर्ष २०८१/८२ मा लक्ष्यको ८० प्रतिशत मात्रै राजस्व सङ्कलन हुन सकेको बताए। 'गत वर्षको तुलनामा यसवर्ष पाँच करोड ७७ लाख राजस्व बढी उठाएका छौँ', उनले भने, 'यो भन्सार कार्यालयको राजस्व सङ्कलन गर्ने क्षमता रु ५४ करोड मात्रै हो, भन्सार विभागले हरेक वर्ष राजस्व सङ्कलनको लक्ष्य बढाउँदै जाँदा त्यसअनुसार राजस्व सङ्कलन गर्न सकिँदैन।'

आर्थिक वर्ष २०८१/८२ मा ७४ करोड पाँच लाख ५९ हजार राजस्व सङ्कलनको लक्ष्य रहेकामा ५९ करोड ७७ लाख ५८ हजार मात्रै राजस्व असुल भएको छ। 'शारदा ब्यारेज पुरानो र जीर्ण भएका कारण एकतर्फी तथा सीमित समयका लागि खुल्ने गर्छ र एक चोटीमा १० टनभन्दा बढी सामान ल्याउन दिँदैन।'

भन्सार प्रमुख काफ्लेले भने, 'यहाँबाट व्यापारीले सिधै मालबाहक सवारी साधन ल्याउन सक्दैनन्, जसका कारण ठाउँ-ठाउँमा लोड अनलोडमा लागत बढ्छ, यसले गर्दा पनि अन्य यो नाकाबाट ठूलो मात्रामा आयात हुँदैन।'

प्रमुख काफ्लेका अनुसार राजस्व विभागले पनि कुनै अध्ययनबिना हरेक वर्ष लक्ष्य मात्रै बढाउने गरेका कारण पनि लक्ष्यअनुसार राजस्व सङ्कलन हुन नसकेको हो। उनका अनुसार कञ्चनपुर भन्सार कार्यालयलाई आर्थिक वर्ष २०७८/७९ मा ५२ करोड राजस्व सङ्कलनको लक्ष्य राखेकामा ४६ करोड मात्रै राजस्व सङ्कलन भएको थियो। त्यसैगरि आर्थिक वर्ष २०७९/८० मा ५८ करोड राजस्व सङ्कलनको लक्ष्य राखेकामा ४२ करोड मात्रै राजस्व सङ्कलन भएको थियो।

सुदूरपश्चिममा व्यापारिक नाका नै नभएका कारण यहाँ राजस्व सङ्कलन हुन नसकेको यहाँका व्यवसायी बताउँछन्। नेपाल उद्योग वाणिज्य महासङ्घका केन्द्रीय सदस्य जङ्गबहादुर मल्लले सरकारले हरेक वर्ष राजस्व सङ्कलन गर्ने लक्ष्य मात्रै बढाउने गरेका कारण राजस्व सङ्कलनमा कमी आएको बताए।

'सुदूरपश्चिममा व्यापारिक नाका छैन, पश्चिमी नाका गड्डाचौकी सानो नाका हो, शारदा ब्यारेज सीमित समयका लागि मात्रै खुल्छ ठूलो मात्रामा व्यवसायीको सामान आउँदैन', उनले भने, 'अहिले व्यापार व्यवसायमा कमी आएको छ, सरकारले राजस्व सङ्कलनको लक्ष्य बढाएका कारण लक्ष्यअनुसार राजस्व सङ्कलन हुनसक्दैन।'

उनले सरकारले नाकामा हुने चोरी तस्करी नियन्त्रण गर्न सके राजस्व सङ्कलनमा वृद्धि हुने बताए। भन्सार कार्यालयले आर्थिक वर्ष २०८१/८२ मा चोरी तस्करीका एक हजार दुई सय ७६ मुद्दा दर्ता गरेको छ।










## महाकाली बहुप्राविधिक शिक्षालय कञ्चनपुर

## भर्ना सम्बन्धि सूचना

CTEVT, भीमदत्त नगरपालिका र महाकाली प्रादेशिक अस्पतालको साझेदारीमा सञ्चालित सुदूरपश्चिम प्रदेश भरिका टिभेट (CTEVT) संस्थाहरुमध्येबाट नमूना शिक्षालयका रुपमा छनौट भएको यस महाकाली बहुप्राविधिक शिक्षालयमा शैक्षिक सत्र २०८२/०८३ का लागि प्रमाण पत्र तह समान्य चिकित्सा (HA), अप्थाल्मिक साइन्स(OA), मेडिकल ल्याब टेक्नोलोजी(CMLT) र डिप्लोमा इन फार्मेसी कार्यक्रमहरुमा तपशिल अनुसार भर्ना खुलेको सहर्ष जानकारी गराइन्छ।

**भर्ना कार्यक्रम**

Online बाट आवेदन फाराम भर्न सुरु (२०८२ साउन ५ गतेदेखि
Online बाट फाराम भर्ने अन्तिम मिति (२०८२ साउन २६ गतेसम्म
Online आवेदनका लागि www.ctevt.org.np अन्र्तगत online application form मा Click गरी प्राप्त निर्देशन अनुसार फाराम भर्न सकिनेछ।

**नोट** : Online आवेदन फाराम शिक्षालयमा आएर निःशुल्क रुपमा भर्न सकिनेछ।

**सिट संख्या**

मेडिकल ल्याब टेक्नोलोजी ३० जना
समान्य चिकित्सा ४० जना
डिप्लोमा इन फार्मेसी ४० जना
अप्थाल्मिक साइन्स ४० जना

(१) Net बाट Print गरी सम्बन्धित विद्यालयबाट प्रमाणित गरिएको SEE Grade Sheet
(२) चारित्रिक प्रमाणपत्र सक्कलको स्क्यान कपी
(३) जन्म दर्ता वा नागरिकता प्रमाणपत्र सक्कलको स्क्यान कपी
(४) सरकारी विद्यालयबाट अध्ययन गरेको भए सरकारी विद्यालय हो भनि प्रमाणित सक्कल स्क्यान कपी
(५) हालसालै खिचिएको ३५ बाई ४५ mm को फोटो
(६) लक्षित वर्गमा आवेदन सम्बन्धित वर्ग खुल्ने कागजतपत्र सक्कलको स्क्यान कपी

**सम्पर्क महाकाली बहुप्राविधिक शिक्षालय**
भीमदत्त नगरपालिका ४ महेन्द्रनगर, कञ्चनपुर
फोन नं. : ०९९(५२००४४,९८४८७२०२४७,९८४८७२६८६५



# भीमदत्तले सेवा करार सम्झौता गर्न दिएको निर्देशनको विरोधमा शिक्षक

–पश्चिम नेपाल संवाददाता
महेन्द्रनगर, ७ साउन



भीमदत्त नगरपालिका सामुदायिक विद्यालयका अस्थायी शिक्षकहरु नगरपालिकाले सेवा करार सम्झौता गर्न दिएको निर्देशनको विरोधमा उत्रिएका छन् ।

विद्यालयमा स्वीकृत दरबन्दीमा करारमा कार्यरत शिक्षक, राहत अनुदान र बालविकास शिक्षक कोटामा कार्यरत शिक्षकहरुको करार नियुक्तिको म्याद थप र करार सम्झौता गर्न नगरपालिकाले दिएको निर्देशनको विरोधमा शिक्षकहरु उभिएका छन् ।

उनीहरुले बुधबार नगरपालिकाको शिक्षा शाखाका प्रमुख हरिदत्त जोशी र शिक्षा विकास तथा समन्वय इकाइ, कञ्चनपुरको ध्यानाकर्षण गराउँदै निर्देशन खारेज गर्न माग गरेका छन् ।

भीमदत्त नगरपालिकाको शिक्षा शाखाले साउन ५ गते नगरपालिकाअन्तर्गत सामुदायिक विद्यालयलाई शिक्षकहरुको करार नियुक्ति म्याद थप र करार सम्झौता गर्न निर्देश जारी गरेको छ ।

विद्यालयमा स्वीकृत दरबन्दीमा करारमा कार्यरत शिक्षक, राहत अनुदान र बालविकास शिक्षक कोटामा कार्यरत शिक्षकहरुको करार नियुक्तिको म्याद थप शिक्षा नियमावली २०५९ को नियम ९७ र नगरपालिका शिक्षा नियमावली २०७९ को नियम ५६ मा व्यवस्था भए बमोजिम करार नियुक्ति म्याद थप र करार सम्झौता गर्न नगरपालिकाले सामुदायिक विद्यालयलाई निर्देशन दिएको थियो। विद्यमान ऐन नियममा स्पष्ट उल्लेख नभएको तथा यी सबै समस्यालाई सम्बोधन गर्ने गरी नयाँ शिक्षा ऐन निर्माणको क्रममा रहेकोले सुनियोजित तरिकाले उच्च मावि, राहत अनुदान, शिक्षक सिकाइ अनुदान, बालविकास शिक्षक एवम् विद्यालय कर्मचारीहरुलाई करार नियुक्तिको म्याद थप तथा सेवा करार सम्झौताको नाममा शिक्षण पेशालाई नै मानमर्दन हुने गरी प्रताडित गर्ने तथा मानसिक तनाव दिने कार्य बन्द गर्न नेपाल शिक्षक महासंघ लगायत पेशागत शिक्षक संघ संगठनहरुले माग गरेका छन् ।

माग सम्बोधन नगरी विभिन्न बहानामा शिक्षक तथा कर्मचारीहरुलाई शिक्षण पेशाप्रति वितृष्णा जगाउने, मनोबलमा आघात पुऱ्याउने बुँदा लेखेर करार सम्झौताका नाममा दुःख दिने कार्य नरोकेमा कडा आन्दोलनमा जाने चेतावनी दिइएको छ । नगरपालिकामा ध्यानाकर्षण गराउन गएका शिक्षकहरुले विरोधमा नगरपालिकाले जारी गरेको निर्देशन च्यातेका छन् । अस्थायी शिक्षकलाई आतंकित पार्ने काम भएको नेपाल राहत शिक्षक केन्द्रीय कार्यसमितिका अध्यक्ष नविनसिंह धामीले आरोप लगाए ।

'२२ वर्षसम्म नवीकरण नगरी किन काममा लगाइयो । यो सरकार के हेरेर बसेको थियो? आज आएर के आपत्ति आइलाग्यो, नविकरण नगरी नहुने भनि फरमान जारी भयो ?,' उनले भने, 'हामीलाई तत्कालीन प्रबन्धले काममा लगाएको होइन ? पेल्नका ऐन देखाउने, अधिकार दिँदा शिक्षक नै नगन्ने ?' पहिलो पक्ष, दोस्रो पक्ष भनेर करारनामा गर्न लगाएर अपमानजनक कार्य गरेको भन्दै उनले आपत्ति जनाए ।

# शुक्लाफाँटाका स्वास्थ्य संस्था 'पेपरलेस' बन्दै

–पश्चिम नेपाल संवाददाता
महेन्द्रनगर, ७ साउन




शुक्लाफाँटा नगरपालिकाभित्रका तीन स्वास्थ्यचौकीमा विद्युतीय स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली अन्तर्गत 'पेपरलेस' सेवा सञ्चालन गरिएको छ ।

बिरामीले पर्चा नकाटिकनै कम्प्युटरमा नाम दर्ता गराएका आधारमा उपचार सेवा पाउने व्यवस्था मिलाइएको छ । नमूनाका रूपमा पिपलाडी, झलारी स्वास्थ्यचौकी र वडा नं ५ स्थित आधार भूत स्वास्थ्यचौकीमा प्रणाली लागू गरिएको छ। यी संस्थामा सेवा प्रवाहको प्रभावकारिता हेरेपछि अन्य स्वास्थ्यचौकीमा पनि क्रमशः यो प्रणाली विस्तार गरिने नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख हर मानन्द भट्टले जानकारी दिए ।

'अब बिरामीलाई पर्चा लिएर लाइन बस्नुपर्ने छैन', भट्टले भने, 'कम्प्युटरमा विवरण दर्ता भएसँगै बिरामीले कुन ठाउँमा चेकजाँच गर्ने, औषधि कहाँबाट लिने, चिकित्सक कहाँ भेट्ने भन्ने सबै जानकारी डिजिटल माध्यमबाट पाइनेछ ।' भट्टका अनुसार, यो प्रणालीले स्वास्थ्यसम्बन्धी तथ्याङ्को डिजिटल अभिलेखन, विश्लेषण र रिपोर्टिङ सहज बनाउँछ । स्वास्थ्य सेवा प्रभावकारिता, सेवा उपयोग दर, कर्मचारी मूल्याङ्कनलगायत पक्षमा सुधार हुने अपेक्षा गरिएको छ ।

उनका अनुसार यस डिजिटल प्रविधिले नगरपालिकाभित्रका सबै स्वास्थ्य संस्थाबाट तथ्याङ्क एकीकृत रूपमा सङ्कलन गर्न सकिने भएकाले तथ्यमा आधारित निर्णय प्रक्रिया सहज हुने भएको छ । साथै, मासिक रिपोर्ट पनि सजिलै तयार पार्न मिल्नेछ । तीन वटै स्वास्थ्य संस्थामा उपलब्ध भएका कम्प्युटर, इन्टरनेटको सदुपयोग गरी कार्य सञ्चालन गरिएको उल्लेख गर्दै उनले क्रमशः आवश्यकताका आधारमा स्वास्थ्य संस्थाहरुलाई कम्प्युटर प्रिन्टर, इन्टरनेट सेवा उपलब्ध गराइने बताए ।

'पहिले पर्चाको भरमा सेवा दिनुपर्थ्यो, अहिले कम्प्युटर दर्ताबाटै बिरामीलाई सेवा दिन थालेका छौं', पिपलाडी स्वास्थ्यचौकीका प्रमुख दुर्गादत्त भट्टले भने, 'रिपोर्ट पनि डिजिटल रूपमा तत्कालै उपलब्ध गराउँदै छौं ।' उनले सेवालाई प्रभावकारी बनाउनका लागि थप जनशक्ति व्यवस्थापन, थप कम्प्युटर र भरपर्दो इन्टरनेट सेवाको आवश्यकता रहेको बताए । सेवा सञ्चालन भएपछि समय, स्रोत र श्रमको बचत, सेवाको गुणस्तरमा सुधार, कर्मचारीको कार्य मूल्याङ्कन गर्न सहज हुने उनले उल्लेख गरे । स्वास्थ्य सेवा प्रणालीलाई डिजिटल, पारदर्शी र तथ्यमा आधारित बनाउने दिशामा यो प्रयास एक उल्लेखनीय उदाहरण भएको प्रमुख भट्टको भनाइ रहेको छ ।

# दोधारा चाँदनी सुक्खा...

अहिले २५ दशमलव ३ हेक्टरमा मात्रै संरचना निर्माण गरिने छन् ।

बन्दरगाहको डीपीआरअनुसार प्रशासनिक भवन, गोदाम, भन्सार, सुरक्षा, क्वारेन्टिन घर र लोड अनलोड सेडलगायत निर्माण गरिनेछ । वर्षौंदेखि बन्दरगाहको सपना बोकेका दोधारा चाँदनीसहित सुदूरपश्चिमका स्थानीय बासिन्दामा आशा जागेको छ ।

'बन्दरगाह बन्ने भनेर सुनेको वर्षौं भइसक्यो। भारततिर काम भइरहेको थियो । हाम्रोतिर थिएन । अब सुरु भयो,' दोधारा चाँदनीका स्थानीय हरी भट्ट भन्छन्, 'अब त बन्दरगाह निर्माण हुन्छ कि भन्ने आशा जागेको छ ।' सुक्खा बन्दरगाह व्यापारिक पूर्वाधार भएकोले सुदूरपश्चिमसहित समग्र देशकै समृद्धिमा टेवा पुग्ने इन्टरमोडल यातायात विकास समितिका कार्यकारी निर्देशक आशिष गजुरेल बताउँछन् ।

'सुक्खा बन्दरगाहबाट मालसामान आयात मात्रै हुने होइन, यो व्यापारिक पूर्वाधार हो, यहाँबाट पनि युरोप, अमेरिकातिर निर्यात गर्न सकिन्छ,' गजुरेलले भने, 'अब हामीले पनि निर्यातका लागि उद्योगहरु स्थापना गर्नुपर्छ ।'

सुक्खा बन्दरगाह निर्माणका लागि कम्ट कन्स्ट्रक्सनले २ अर्ब ४० करोड भारुमा ठेक्का पाएको छ । तीन वर्षभित्र काम सक्नेगरी ठेक्का सम्झौता भएको कन्स्ट्रक्सनका प्रबन्ध निर्देशक सुनिल शर्माले बताए ।

# ओलीका जुँगा काला भएका छन्, गल्दैनन्

–कपिलदेव ढकाल
काठमाण्डौं, ७ साउन

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले २०८२ साल साउन ६ गते, मध्यरातमा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीमाथि राजनीतिक बम खसालि दिएका छन् । राजनीतिक बमको शक्ति कति हो भनेर बुझ्नको लागि नेकपा एमाले केन्द्रीय प्रचार तथा प्रकाशन विभाग प्रमुख राजेन्द्र गौतमले जारी गरेको प्रेस विज्ञप्ति पढ्नुपर्छ ।

विज्ञप्तिमा लेखिएको छ, 'पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको पार्टी सदस्यता नवीकरण र पार्टी राजनीतिमा सक्रिय हुने विषयले पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ । संविधानको भाग ६ धारा ६१ बमोजिम राष्ट्रपति देशको राष्ट्रध्यक्ष, नेपाली सेनाको परमाधिपति, राष्ट्रिय एकताको प्रतीक, संविधानको पालनकर्ता र संरक्षणकर्ता, राष्ट्रिय गौरव, गणतन्त्रको प्रतीक, साझा व्यक्तित्व र देशको अभिभावक भएकाले कुनै पनि दल विशेषको पार्टी सदस्य र कार्यकर्ता वा नेता हुने कुरा यो गौरवमय जिम्मेवारी लिएको व्यक्तिबाट सम्भव हुँदैन र मिल्दैन । यसले जनतामा, प्रणालीमा, व्यवस्थामा र संविधानको मर्म र भावनामा गलत अभ्यास हुने ठहर गरेको छ। त्यसकारण बैठकले पूर्वराष्ट्रपतिलाई उच्च सम्मान गर्ने निर्णय गरेको छ ।'

यस निर्णयले विद्या भण्डारीको राजनीतिक जीवनमा 'उच्च सम्मान'को बम खसालेको छ । बमको असर कति समयसम्म रहने हो, समय नै कुर्नुपर्ने देखिन्छ । अमेरिकाले जापानका दुई सहर हिरोसिमा र नागासाकीमा आजभन्दा असी वर्ष अगाडि खसालेको परमाणु बमको असर आजसम्म देखिँदै छ । संविधानको व्याख्यासहित जारी गरिएको राजनीतिक बमको असर न्यायालयमा प्रवेश गर्छ-गर्दैन, संविधान संशोधनसम्म पुग्छ-पुग्दैन, कति लामो समयसम्म रहन्छ? हेर्न बाँकी छ ।

### भण्डारीलाई उचाल्ने समूह

नेतृत्व क्षमता नभएका, आफैंमा आत्मविश्वास नभएका, भण्डारीको आडमा शक्ति आर्जन गर्न सकिन्छ कि भन्ने अभियानमा लागेका व्यक्तिहरूलाई चिन्न नसक्नु भण्डारीले राजनीतिको गन्ध थाहा नपाउनु हो। यस्ता व्यक्तिहरूले भगवानलाई पशुबलि चढाउँछन् तर आफैंभित्रका कमीकमजोरीको बलि चढाउँदैनन् । एमालेको सचिवालय, पोलिटव्युरो र केन्द्रीय कमिटीमा कति जना विद्या भण्डारी जोगाउन लागे र भण्डारीको निवासमा साँझ-बिहान कतिजना पैरवी गर्न पुगे? त्यही तथ्यले उचाल्ने समूह पहिचान गर्न सघाउ पुग्छ । शक्तिको यकिन नगरी पछ्यारीनु भण्डारीको कमजोरी हो ।

### ओलीको बलियो नेतृत्व

सम्पूर्ण विपक्षी शक्ति एउटा मोर्चामा र एमाले अर्को मोर्चामा रहँदा पनि एमालेले आफ्नो निर्णायक शक्ति कमजोर हुन दिएन । शान्ति सम्झौतापछि नेपाली राजनीतिमा किङ मेकर बनेका प्रचण्डलाई रिङ आउट गर्न ओली सफल भए । रविलाई काखमै राखेर ठेगान लगाए । पार्टी विभाजनको घाउ ठूलो बन्नै दिएनन् । दुईपटक प्रतिनिधि सभाको विघटन गरे, अदालतले असंवैधानिक ठहर गऱ्यो तर राजनीतिक रूपमा आफ्नो निर्णयको बचाउ गरिरहे । ओली पार्टीमा चेन अफ कमान्ड कायम गर्न सफल भए। कर्मचारीतन्त्रमा गढेको कांग्रेसको जरा कमजोर पार्न ओली लागिरहे । प्रहरी प्रशासनमा ओलीप्रति वफादार शक्ति निर्माण गरे । त्यो शक्ति सरकार निर्माणसम्म योगदान दिन सक्ने भयो । भारतको विरोधका बावजुद चीनसँग ऐतिहासिक सम्झौता गरे । यी सबै घटनाक्रमलाई एमालेका कार्यकर्ताले नजिकबाट नियालेका छन् । नेता होस् त ओलीजस्तो भनेका छन् ।

### राजा फर्काउन र विद्या फर्काउन लाग्नेहरू

राजा र विद्या कसैलाई चाहिएको छैन ? आफ्नो व्यक्तिगत फाइदाका लागि अवसरवादीहरूले राजा र विद्याको प्रयोग गर्न खोजेका मात्र हुन् । राजेन्द्र लिङ्देन प्रवृत्तिले राजतन्त्रको जलपमा एमालेसँग तालमेल गरी व्यक्तिगत फाइदा लुटेको चित्र देखिएकै छ । राजनीतिमा सबैले आफ्नै स्वार्थ पूरा गर्ने हुन् । स्वार्थले शक्तिको पूजा गर्छ। ओलीले शक्तिको यज्ञ लगाए । ओली यज्ञमा विद्यालाई उचाल्नेहरू हाँका सिपाहीजस्ता देखिए । हालै सम्पन्न विद्या भण्डारीको चीन भ्रमणको रातो कार्पेटको रङ उडन नपाउँदै एमालेको च्यासल बैठकले विद्याको राजनीतिक रङ उडाइदिएको छ। भारत ओलीलाई निम्तो दिन बाध्य भएको छ । राजनीतिक क्षेत्रमा चर्चा चलेको छ- राजा जोगाउन नसकेको चीनले विद्या पनि जोगाउन सकेन ।

### विपक्षीको कमजोर कडी ओलीको सुरक्षा कवच

वर्तमान सरकार निर्माणको कडीमध्ये देउवा परिवारको कमजोरी पनि एक मानिन्छ । भुटानी शरणार्थी प्रकरणमा बेचन झा पक्राउपश्चातको छटपटी र सरकार निर्माणमा संसदको सबैभन्दा ठूलो दल नेपाली कांग्रेसका सभापतिले खेलेको हुटहुटीपूर्ण भूमिका स्मरणयोग्य छ ।

ओली सरकारको कमजोरीमा आलोचना नगर्न देउवाले आफ्नै पार्टीका नेताहरूलाई दिएको निर्देशन, विद्यालाई रोक्न ओलीलाई दिएको प्रोत्साहन हेर्दा ओलीले देउवाको कमजोर कडीको उपयोग मजैले गरेको देखाउँछ । रवि लामिछानेको प्रयोग र कारागार चलान, अन्य पार्टी विभाजन, नेकपा एकीकृत समाजवादी र माओवादीभित्रको हलचलमा समेत ओलीको बलियो भूमिका छ। समग्रमा ओलीले विपक्षीहरूको कमजोर कडीलाई आफ्नो सुरक्षाकवच बनाउन सफलता पाइरहेका छन् ।

### साम, दाम, दण्ड, भेद

ओलीका गुरु देउवा नै हुन् । देउवाले देखाएको साम, दाम, दण्ड र भेदको नीति अहिले ओलीले देउवामाथि नै प्रयोग गरेका छन्। शक्तिशाली ओलीले सुशाशन कायम गर्ने दिशामा कुनै पहल नै गरेनन् । भ्रष्टाचारीहरूको कमजोर कडी समाउने, आफ्नो समर्थक बनाउने र सत्ता लम्ब्याउने खेल ओलीले खेलिरहेका छन् । ओली कार्यकालमा जनताको बहुदलीय जनवादको स्थानमा ओली विचार धारा भनेर शंकर पोखरेलले दस्तावेज प्रस्तुत गरे भने पनि अनौठो हुने छैन । सैवैधानिक आयोग, विभिन्न अनुसन्धान निकाय, अदालत तथा प्रहरी ओलीको पकडमा रहेकै छन् । राजनीति र सरकारी सेवामा रहेका अधिकांश व्यक्तिहरू भ्रष्टाचारमा डुबेका छन् । कुनै मुद्दा नभए सम्पत्ति शुद्धीकरणको डण्डा जोकोहीलाई पनि चलाउन मिल्ने भएको छ । निजामती कर्मचारी विधेयकमा कुलिङ पिरियड राख्ने सम्बन्धमा राज्य व्यवस्था तथा सुशासन समितिबाट पारित भएको विषयलाई हटाउने गरी राष्ट्रिय सभामा संशोधन प्रस्ताव नै दर्ता गर्न एमालेकै टोली लागिपरेको छ । यस्तो प्रयासले कर्मचारीतन्त्रको उपल्लो निकाय ओलीप्रति वफादार रहने देखिन्छ । हतियार बिसाएका देउवा हतियारबद्ध ओलीका सामु नाजावाफ देखिन्छन् । सर्वोच्च अदालतको संवैधानिक इजलासबाट संसद विघटनको मुखमा अध्यादेश ल्याएर संवैधानिक निकायहरूमा गरिएका नियुक्ति सदर भएका छन् । ओलीको शक्ति कमजोर भएको छैन भन्ने कुराको यो पछिल्लो र उच्चतम् प्रमाण हो ।

### विरोधीलाई नर्क, समर्थकलाई स्वर्ग

समग्रमा ओली शासनविरोधीलाई नर्क र समर्थकलाई स्वर्ग भएको छ। सबैभन्दा ठूलो दललाई समेत आफ्नो पकडमा राख्न सक्ने ओलीले सुशासनको लागि काम गरे मुलुकको कोल्टे फेर्ने समय लाग्दैन ।

सरकारी अड्डा घुस उठाउने अड्डा भएका छन् । मन्त्रीका रोज्जा कर्मचारीहरू रंगेहात समाइँदा पनि मन्त्रीले कतै जवाफ दिनुपरेको छैन । प्रधानमन्त्रीबाट पनि सोधनी भएको छैन । बरू 'घुस डिल'मा स्वयं मन्त्रीहरू निर्धक्कसँग अग्रसर भएका श्रव्यसामग्री आमनागरिकका लागि मनोरञ्जनका मसला बनेका छन् ।

भ्रष्टाचार र भ्रष्टाचारीसँग संगत नगरे शक्ति बढ्दैन । विपक्षीको कमजोर कडी समाउन सकिँदैन । देश र जनताभन्दा माथि सत्ता, विरोधीलाई नर्क र समर्थकलाई स्वर्ग भएसम्म देश बन्दैन । मदन भण्डारीलाई सहकारी ठगी र चार श्रीमतीसम्मको आरोप लगाउन सक्ने ओलीले विद्या, देउवा, प्रचण्ड, रवि र माधव कसैलाई छोड्दैनन् । ओलीका जुँगा काला भएका छन्, उनी गल्दैनन् ।




स्तनपान गराऔं, बालस्वास्थ्यमा सुधार गरौं ।

❖ शिशु जन्मिएपछि जतिसक्दो चाँडो (१ घण्टाभित्र) आमाको (बिगौती) दुध खुवाऔं,
❖ जन्मेदेखि ६ महिना पुरा नभएसम्म आमाको दुधमात्र खुवाऔं,
❖ ६ महिना पुरा भएपछि उमेर अनुसार पूरक खानाका साथै कम्तिमा २ वर्ष सम्म निरन्तर स्तनपान गराऔं,
❖ आमाको दुध शिशुको लागि अमृत समान हो र यसले शिशुको रोगसँग लड्न सक्ने क्षमतालाई बढाउँछ,
❖ स्तनपानले महिलाहरुमा स्तन क्यान्सर र पाठेघरको क्यान्सर हुने जोखिमलाई कम गर्दछ,
❖ चिकित्सकको सल्लाह बिना शिशुलाई आमाको दुध बाहेक अन्य कुनै किसिमको दुध नखुवाऔं,
❖ सकेसम्म दुधदानी वा बोतलको दुध प्रयोग नगरौं,
❖ स्तनपान सम्बन्धी उचित परामर्श तथा थप जानकारीका लागि नजिकैको स्वास्थ्य संस्था वा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकालाई सम्पर्क गरौं ।

विश्व स्तनपान सप्ताह सफल पारौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# Admission Open






- Ranked as leading and reputed institution.
- Highly experienced, young, qualified, energetic and dedicated teaching staff.
- Excellent performance in NEB/HSEB result .
- Outstanding achievements in MBBS/BE scholarships & CA.
- The choice of school Toppers.
- Scholarships for deserving and needy students.
- Well furnished AC class rooms with CC camera surveillance.
- Homely teaching learning environment
- Highly focused on Extra-curricular activities
- Sophisticated Science, Management, Computer lab & well stocked library.
- . Multimedia class rooms.
- Hostel facilities for boys and girls.
- Transportation facilities.








**Limited Seats**

Science
Management
LAW

## Admission Schedule

# Admission is ongoing

# Little Buddha Secondary School

**Kanchanpur, Phone: 099- 520894, 522594, 521056**


मिडीया नेपालका लागि प्रकाशित पश्चिम नेपाल दैनिक, संस्थापक/सम्पादकः **अशोक प्र. पाण्डेय**, प्रकाशक/प्रधान सम्पादकः **लक्ष्मणदत्त पन्त**, अतिथि सम्पादकः **मेनुका विष्ट 'बस्नेत'**, पुर्व सम्पादकः स्व. **कर्ण बोहरा**, कार्यकारी सम्पादकः **नृगबहादुर शाह**
कार्यालयः गल्ली नं. ५ क्याम्पसरोड, महेन्द्रनगर, फोनः ०९९-५२५६२५,मो.९८४८८८५२४३,९८०१३७९५४३ फ्याक्स ०९९-५२३८४९ इमेलः westnepaldaily@gmail.com, मुद्रकः जगदम्बा छापाखाना गल्ली नं. ३, महेन्द्रनगर, ०९९-५२३९७७